# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७६।०२।०९

## प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा इटहरी उपमहानगरपालिका पुगेका पत्रकारमाथि मेयर द्वारिकलाल चौधरीले गरेको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ सुनसरी शाखाका अनुसार जेठ ८ गते कर्मचारी कुटपिट गरेको विषयमा प्रतिक्रिया लिन उपमहानगरपालिका पुगेका कृष्ण बहाव भट्टराई, विकल रेग्मीलगायतका पत्रकारलाई मेयर चौधरीले दुर्व्यवहार गरेका थिए ।

राज्यको जिम्मेवार निकायका जिम्मेवार व्यक्तिबाट पत्रकारमाथि दुर्व्यवहार हुनु आफैंमा निन्दनीय र गैरजिम्मेवार कार्य हो । यस्ता कार्यले संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रता तथा पत्रकारको अधिकार क्षेत्रमाथि हस्तक्षेप हुने महासंघको ठहर छ । महासंघ मेयर चौधरीबाट भएको गैरजिम्मेवार कार्यको कडा भर्त्सना गर्दछ । र, प्रेस स्वतन्त्रताको सम्मान गरी पत्रकारलाई निर्वाध र सुरक्षित रुपमा काम गर्ने वातावरण बनाउन सम्बन्धित निकायसँग माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**सचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org